**संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति – २०६४ असोज २८**

---

**उच्चायुक्तको कार्यालयका प्रमुखद्वारा नेकपा (माओवादी)का नेताहरूसमक्ष मानवअधिकारसम्बन्धी चिन्ता व्यक्त**

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि श्री रिचर्ड बेनेटले असोज २७ गते आइतबार नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का अध्यक्ष प्रचण्ड तथा डा. बाबुराम भट्टराईसँग आफ्नो पहिलो बैठक गर्नुभयो। बैठकका क्रममा उहाँहरूले नेपालमा शान्ति प्रक्रियाको सफलता तथा विकासका लागि सबै प्रकारका मानवअधिकार – राजनीतिक, नागरिक, सामाजिक, आर्थिक, तथा साँस्कृतिक – हरूको सम्मानको महत्त्वमाथि छलफल गर्नुभयो।

श्री बेनेटले बेपत्ता भएका पत्रकार वीरेन्द्र साहको घटनामा नेकपा (माओवादी)का कार्यकर्ताको संलग्नताका आरोपहरूलगायत नेकपा (माओवादी)का केही कार्यकर्ता तथा आबद्ध सङ्गठनहरूद्वारा भएका हिंसा तथा त्रासको प्रयोग एवं अपहरणका कार्यतर्फ औंल्याउँदै शारीरिक अखण्डता, स्वतन्त्रता र सुरक्षाको अधिकारबारेका चिन्ताहरू जस्ता केही विशिष्ट मुद्दाहरू उठाउनुभयो। कार्यालयका प्रमुखले आरोपित 'अपराधी' वा 'भ्रष्टाचारी'हरूविरुद्ध लक्ष्यित कार्यहरूलगायत नेकपा (माओवादी)द्वारा भएको सार्वजनिकरूपमा बेइज्जत गर्ने कार्य तथा धम्कीहरूबारे चिन्ता व्यक्त गर्नुभयो। उहाँले 'चन्दा' माग्दा देखाइएका त्राससम्बन्धी रिपोर्टहरूबारे पनि उल्लेख गर्नुभयो।

श्री बेनेटले अभिव्यक्ति तथा मतको स्वतन्त्रताको अधिकारको सम्मानबारे पनि चिन्ता व्यक्त गर्नुभयो।

उच्चायुक्तको कार्यालयले "आम जनताका समस्या समाधन गर्ने र न्यायनिसाफ दिलाउन मद्दत गर्ने संयन्त्र"का रूपमा संयुक्त क्रान्तिकारी जनपरिषद् (जनपरिषद्)लाई सक्रिय बनाउने नेकपा (माओवादी)को निर्णयपछि नेपालका अनेक भागहरूमा त्यसको विकासको अनुगमन गरिरहेको छ। उच्चायुक्तको कार्यालयका प्रमुखले परिषद्ले विशेषगरी शासन तथा न्यायका सम्बन्धमा निर्वाह गर्ने भूमिकाका सम्बन्धमा स्पष्ट पार्न माग गर्नुभयो। अध्यक्ष प्रचण्डले तिनले समानान्तर प्राधिकारका रूपमा कार्य नगर्ने र नेकपा–माओवादी विस्तृत शान्ति सम्झौता (सम्झौता)प्रति प्रतिबद्ध रहेको बताउनुभयो।

उच्चायुक्तको कार्यालय–नेपालले कानुन कार्यान्वयन निकाय तथा फौजदारी न्यायप्रणालीका कमजोरीहरू मानवअधिकार उल्लङ्घन र दुर्व्यवहारलाई सम्बोधन गर्नमा चुनौतीका रूपमा रहेको कुरा पहिले नै उल्लेख गरिसकेको छ। तर, नेकपा–माओवादीका आफ्ना केही कार्यकर्ताहरूद्वारा गरिएका मानवअधिकार दुर्व्यवहारले उसको मानवअधिकारप्रतिको प्रतिबद्धताबारे आम विश्वासमा अवमूल्यन हुन्छ भन्ने यो कार्यालय ठान्दछ। उच्चायुक्तको कार्यालय नेकपा–माओवादी तथा योङ्ग कम्युनिष्ट लीग (वाईसीएल)द्वारा भएका मानवअधिकार दुर्व्यवहारका आरोपसम्बन्धी आफ्नो २०६४ असारको प्रतिवेदनमा गरिएका टिप्पणीहरूलाई दोहऱ्याउँदछ : कानुन कार्यान्वयन गर्ने निकाय तथा राज्यका अन्य संस्थाहरूको कमजोरीका सम्बन्धमा एवं सम्झौताका कार्यान्वयन गर्नमा भएको ढिलाइका सम्बन्धमा जायज चिन्ताहरू भए पनि, कानुनलाई आफ्नो हातमा लिन वा मानवअधिकार दुर्व्यवहार सरहका कुनै पनि कार्यलाई उचित ठहऱ्याउन यी तर्कको प्रयोग गर्न सकिँदैन।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, ext 321 or (+977) 98510 16922 (mobile)